# स्थानीय राजपत्र

स्थानीय सरकार

सोलुदुधकुण्ड नगरपालिका, सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश, नेपालद्वारा प्रकाशित

खण्डः ८ | संख्या ६ | २०८१ फागुन १ गते

भाग २

स्थानीय सरकार

सोलुदुधकुण्ड नगरपालिका

सल्लेरी, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

नगरसभाबाट स्वीकृत मितिः २०८१/१०/३०

# जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८१

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल

## जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८१

**प्रस्तावना**

सोलुदुधकुण्ड नगर क्षेत्रभित्र भू-सतह, भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्न र त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्न एवं जलस्रोतलाई प्रदूषणमुक्त राखी समुचित प्रयोग गर्न आवश्यक भएकोले सोलुदुधकुण्ड नगरपालिकाको पूर्वाधार विकास तथा सेवा व्यवस्था (नियमित/व्यवस्थित) गर्ने ऐन, २०७५ को दफा ५० बमोजिम सोलुदुधकुण्ड नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८१" रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) "प्रमुख" भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ ।

ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ग) "जलस्रोत" भन्नाले नगरभित्रको भू-सतह, भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी भन्ने सम्झनु पर्दछ ।

घ) "लाभदायक उपयोग" भन्नाले उपलब्ध साधन र स्रोतले भ्याए सम्म उचित रूपले गरिएको जलस्रोतको उपयोग भन्ने सम्झनु पर्दछ।

ङ) "उपभोक्ता" संस्था भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता संस्था भन्ने सम्झनु पर्दछ ।

च) "नगर जलस्रोत समिति" भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

छ) "उपभोक्ता" भन्नाले सम्बन्धित सेवा प्रयोग तथा उपभोग गर्ने व्यक्ति सम्झनु पर्दछ ।

ज) "सेवा शुल्क" भन्नाले नगरपालिका वा अधिकार प्राप्त व्यक्तिले उपलब्ध गराएको जलस्रोतसँग सम्बन्धित सेवा उपभोग गरे-वापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनु पर्दछ ।

झ) "अनुमति पत्र" भन्नाले दफा १५ बमोजिम दिईने अनुमति पत्र सम्झनु पर्दछ ।

ञ) "सर्वेक्षण" भन्नाले जलस्रोत उपयोगका लागि गरिने विस्तृत सम्भाव्यता अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्यांकन, डिजाईन र त्यसका लागि गरिने अन्वेषण सम्बन्धी कार्य सम्झनु पर्दछ।

ट) "नगरपालिका" भन्नाले सोलुदुधकुण्ड नगरपालिकालाई सम्झनु पर्दछ ।

**३. जलस्रोत स्वामित्वः** नगरपालिकाभित्र रहेको जलस्रोतको स्वामित्व नगरपालिकामा निहित रहनेछ ।

**४. जलस्रोत उपयोगः**

१) यस कार्यविधि बमोजिम अनुमति पत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति पत्र लिनुपर्ने छैन ।

क) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागी उपयोग गर्न ।

ख) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो जग्गाको सिंचाइ गर्न ।

(ग) घरेलु उद्योगको रूपमा पानी घट्ट वा पानी चक्की चलाउन ।

घ) जग्गा धनीले आफ्नो जग्गा भित्र मात्र सीमित रहेको जलस्रोत नियमानुसार उपयोग गर्न ।

३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरूलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नु पर्नेछ ।

**५. जल उपभोक्ता संस्थाको गठनः**

१) सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरूको भेलाबाट पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जना भएको उपभोक्ता संस्था गठन गर्न सक्नेछन्



सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सोलुखुम्बु कोशी प्रदेश नेपाल

२) उपदफा (१) बमोजिम उपभोक्ता संस्था गठन गरे पश्चात तोकिएको ढाँचामा विधान तयार गरी पास गर्नु पर्नेछ र उक्त पास भएको दुई प्रति विधान तोकिए बमोजिमको दस्तुर सहित अनुसुची १ बमोजिमको ढाँचामा नगर प्रमुख समक्ष दरखास्त दिनुपर्नेछ।

**६. विधानमा खुलाउनु पर्ने विवरणहरुः**

दफा ५ (२) बमोजिम पेश गर्नु पर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खुलाउनु पर्नेछः

क) पुरा नाम र ठेगाना

ख) उद्देश्य तथा कार्यक्षेत्र,

ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

घ) सदस्यको निष्काशन र राजीनामा,

ङ) हक दावी, नामासारी वा हकवालाको मनोनयन,

च) साधारण सभा सम्बन्धी व्यवस्था

छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम, कर्तव्य र अधिकार)

ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,

झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

ञ) कोष र लेखापरीक्षण,

ट) विधान संशोधन,

ठ) विघटन,

(ड) विविध ।

**७. दर्ता र प्रमाणपत्रः**

१) दफा ५ बमोजिम पर्न आएको दरखास्त उपर प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी प्रतिवेदन सहित नगर जलस्रोत समिति समक्ष पेश गर्नु पर्नेछ । उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा उपभोग गर्ने जलस्रोत र कार्य क्षेत्र समेत खुलाई नगर जलस्रोत समितिले दर्ता गर्ने निर्णय गरी अनुसूची- २ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

२) यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**८. विधान संसोधनः** उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नु परेमा विधानको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संसोधित मस्यौदा नगर जलस्रोत समितिमा पेश गर्नु पर्नेछ र समितिले तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

**९. नगर जलस्रोत समितिको गठनः**

१) नगरपालिका भित्र रहेको जलस्रोतको उपयोगको लागि अनुमति पत्र प्रदान गर्ने प्रयोजनको लागि नगर जलस्रोत समिति रहनेछः

२) नगर जलस्रोत समितिमा देहायबमोजिमका पदाधिकारीहरु रहनेछन्

| | |
|---|---|
| क) नगर प्रमुख | - संयोजक |
| ख) उप प्रमुख | - सहसंयोजक |
| ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ) jन, वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | - सदस्य |
| ङ) सम्वन्धित वडाको वडा अध्यक्ष | - सदस्य |
| च) प्राविधिक शाखा प्रमुख | - सदस्य |
| छ) सम्बन्धित विषय हेर्ने प्राविधिक | - सदस्य सचिव |

३) नगर जलस्रोत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ
क) नगर क्षेत्रभित्र रहेका जलस्रोत मुहानहरुको पहिचान गरी अभिलेख राख्न लगाउने ।
ख) जलस्रोत संस्था एवं मुहान दर्ता, नवीकरण गर्न स्वीकृती प्रदान गर्ने ।
ग) जलस्रोत संस्थाको विधान स्वीकृती तथा संशोधन गर्ने ।
घ) नगरको जलस्रोत योजना स्वीकृती गर्ने ।
ङ) नगर क्षेत्रभित्र हुने जलस्रोत सम्बन्धी विवादको समाधान गर्ने ।

**१०. जलस्रोत समितिको बैठक र कार्यविधिः**
१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।
२) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।
३) बैठकमा कुनै विषयमा थप परामर्श आवश्यक पर्ने भएमा आवश्यकता अनुसार नगरपालिकाका अन्य कर्मचारी तथा पदाधिकारीलाई अध्यक्षसंग अनुमति लिइ सचिवले आमन्त्रित गर्न सक्नेछ ।
४) बैठक सञ्चालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. जलस्रोत उपयोग पूर्वको सर्वेक्षण अनुमति पत्रको दरखास्त दिनेः**
१) जलस्रोत उपयोग गर्नुपूर्वको सर्वेक्षण अनुमति पत्र लिन चाहने ब्यक्ति वा संगठित संस्थाले अनुसूची ३ बमोजिमको ढाँचामा विस्तृत विवरण खुलाई नगर प्रमुख समक्ष निवेदन दिनु पर्नेछ ।
२) उपदफा (१) बमोजिम दरखास्त परेपछि नगर प्रमुखले पेश भएको निवेदन उपर प्रमुख प्रशासकीय अधिकृत मार्फत जाँचबुझ गर्नु पर्नेछ ।
३) उपदफा (२) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले तीस दिनभित्र जाँचबुझ गरी प्रतिवेदन सहित नगर जलस्रोत समिति समक्ष पेश गर्नु पर्नेछ ।
४) नगर जलस्रोत समितिले उपयुक्त ठानेमा अनुसूची ४ बमोजिम जलस्रोत उपयोग पूर्वको सर्वेक्षण अनुमति पत्र उपलब्ध गराउनु पर्नेछ ।

**१२. जलस्रोत उपयोग अनुमति पत्रको लागि दरखास्त दिनेः-**
१) जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-५ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासंग सम्बन्धित देहायको विवरणहरु खुलाई नगर प्रमुख समक्ष दरखास्त फारम दिनु पर्नेछ ।
क) परियोजना विस्तृत विवरण (उपयोग गरिने पानीको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाको सहभागीहरुको नाम र तिनिहरुको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठन संस्था तथा त्यस्तो संस्थाका सञ्चालकहरुको नाम, थर र वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
ख) सम्भाव्यताको विश्लेषण (परियोजनाको विस्तृत प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण),
ग) वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तीय व्यवस्था, परियोजनाको लगानीकर्ताहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुको प्रतिवद्धता) ।
घ) घर जग्गाको उपयोग वा प्राप्ती (परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लागत) ।
ङ) परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरु ।

**१३. दरखास्त उपर जाँचबुझः-**
१) दफा १२ बमोजिम दरखास्त प्राप्त भएपछि यस कार्यविधि बमोजिम दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्त साथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित दरखास्तवालालाई मुनासिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले पन्ध्र दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।.

३) दफा (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न नगर जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई दरखास्त परेको मिति मानिनेछ ।

**४. सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेः**

१) दफा १२ बमोजिम जलस्रोतको उपयोगको अनुमति पत्रको लागि दरखास्त परेपछि प्रमुख प्रशासकीय अधिकृतले दफा १३ बमोजिम आवश्यक जाँचबुझ गरी तत् सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि जलस्रोतको उपयोग सम्बन्धित परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा तत् सम्बन्धी विवरणहरु खुलाई सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र कार्यलय समक्ष जो सुकैले पनि निवेदन दिन सक्नेछ ।

३) दफा (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई बिचार गरी नगर जलस्रोत समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल असर न्यूनतम गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालना गर्नुपर्ने कुराहरु अनुमति पत्र दिँदा तोकी दिनेछ ।

**१५. अनुमति पत्र दिनेः** दफा १२ बमोजिम दरखास्त उपर दफा १३ र १४ बमोजिम कार्यविधि पूरा गरी गराई नगर जलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची-६ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोतको उपयोग सम्बन्धी अनुमतीपत्र दिनु पर्नेछ ।

**१६. जलस्रोत माथि अधिकार कायम हुनेः** यस कार्यविधि बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमति पत्र प्राप्त व्यक्तिलाई अनुमति पत्रमा उल्लेख भए बमोजिमको कामको लागि सोही अनुमति पत्रमा तोकिएको स्थान र क्षेत्रसम्मको जलस्रोत उपयोग गर्ने अधिकार प्राप्त हुनेछ।

**१७. नयाँ अनुमति पत्र लिनुपर्नेः**

१) कार्यविधि प्रारम्भ हुनु अगावैदेखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठन संस्थाले पनि दफा १२ मा उल्लेखित विवरणहरु खुलाई कार्यविधि प्रारम्भ भएको मितिले एक वर्ष भित्र नगर जलस्रोत उपयोग अनुमति पत्रको लागी दरखास्त दिनुपर्नेछ

२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित नगर जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई अनुसूची-७ बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ ।

**१८. अनुमति पत्र दस्तुरः** यो कार्यविधि बमोजिमको जलस्रोत उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमति पत्रको लागि दरखास्त दिँदा अनुसूची-८ मा तोकिए बमोजिमको अनुमति पत्र दस्तुर बुझाउनु पर्नेछ ।

**१९. नवीकरण सम्बन्धी व्यवस्थाः**

१) यस कार्यविधि बमोजिम दर्ता भएका जलस्रोत संस्था, उपयोगको अनुमती लिएका संस्था र यस अघि नेपाल सरकारका निकायमा दर्ता भै नवीकरण गर्न बाँकी संस्थाले देहाय बमोजिम नवीकरण गर्नु पर्नेछ ।

क) यस कार्यविधि बमोजिम दर्ता भएका जलस्रोत संस्था र उपयोगको अनुमति लिएका संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र नवीकरण गर्नु पर्नेछ ।

ख) जलस्रोत उपभोक्ता संस्था दर्ता भई जलस्रोत उपयोग नगरेमा संस्थाले वार्षिक नवीकरण दस्तुर रु. ५००।- तिरेर नवीकरण गर्नु पर्नेछ तर म्याद भित्र नवीकरण नगरेमा यस कार्यविधि बमोजिम नवीकरण गर्न पाउने म्याद समाप्त भएको पहिलो वर्षको लागि वार्षिक नवीकरण शुल्क १० प्रतिशत, दोश्रो वर्षको लागि १५ प्रतिशत सो पश्चात प्रत्येक वर्षको लागि २० प्रतिशत विलम्ब शुल्क सहित नवीकरण गर्न सकिनेछ ।

ग) जलस्रोतको उपयोगको लागि यसै कार्यविधि बमोजिम अनुमति लिएका संस्थाले तोकिएको म्याद भित्र नवीकरण नगरेमा अनुसुची ९ (८) बमोजिम विलम्ब शुल्क लिई नवीकरण गर्न सकिनेछ ।



सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सोलुखुम्बु कोशी प्रदेश नेपाल

घ) यस कार्यविधि जारी हुनु पूर्व नेपाल सरकारका निकायमा दर्ता भई नवीकरण गर्न बाँकी संस्थाले यो कार्यविधि स्वीकृत भएको मितिले २ वर्ष भित्र नवीकरण गर्न आएमा नवीकरण शुल्क तथा विलम्व शुलक छुट हुने छ र सो पश्चातको नवीकरण र वार्षिक शुल्क यस कार्यविधि बमोजिम हुनेछ ।

**२०. अनुमति पत्र बिक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनु पर्ने:**

१) अनुमति पत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा नगर जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर नगर जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमति पत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाममा विक्रि गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

२१. वार्षिक शुल्कः अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागी सेवा उपलब्ध गराए बापत नगरपालिकालाई बुझाउनु पर्ने वार्षिक शुल्क अनुसूची-९ मा तोकिए बमोजिम हुनेछ ।

२२. नगरपालिकाले निर्देशन दिन सक्नेः नगरपालिकाले जलस्रोत उपयोग सम्बन्धमा नगर जलस्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु नगर जलस्रोत समितिको कर्तव्य हुनेछ ।

२३. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी यस कार्यविधिको अनुसूचीमा आवश्यकतानुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश नेपाल

(दफा ५ को उपदफा (२) संग सम्वन्धित) निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
सोलुदुधकुण्ड नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
सल्लेरी, सोलुखुम्बु ।

**विषयः-जल उपभोक्ता संस्था दर्ता सम्वन्धमा ।**

महोदय,

हामीले ................................ उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेको हुँदा प्रचलित नियम बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र तोकिए बमोजिमको दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरणः

१. उपभोक्ता संस्थाको नामः

२. कार्य क्षेत्रः

३. उद्देश्यहरुः

४. पदाधिकारीहरुको विवरणः

| क्र.सं. | पद | पदाधिकारीको नाम, थर | ठेगाना | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | कोषाध्यक्ष | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |
| १० | सदस्य | | | | |
| ११ | सदस्य | | | | |

५. उपयोग गरिने जलस्रोतको विवरणः

क) जलस्रोतका नाम र रहेको ठाउँः

ख) जलस्रोतबाट गरिने प्रयोगः

ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिणामः

घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोगः

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश नेपाल

६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरणः

क) सेवाको किसिमः

ख) सेवा पुऱ्याउने क्षेत्रः

ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः

घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक स्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सहीः

नामः

पदः

ठेगानाः

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल

अनुसूची-२

(दफा ७ को उपदफा (१) संग सम्वन्धित)

दर्ता नं. मितिः

श्री...........................................

............................................ जलस्रोत उपभोक्ता संस्था दर्ता प्रमाण पत्र (सम्बन्धित उपभोक्ता संस्थाको नाम) लाई देहाय बमोजिम जलस्रोतको उपयोग र कार्यक्षेत्र रहने गरी जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८१ को दफा ७ को उपदफा (१) बमोजिम यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

कार्यविधिले तोकेबमोजिम जलस्रोतको संरक्षण सहित उपयोग गर्नुहुन जानकारी गराईन्छ ।

उपयोग गर्ने जलस्रोत (मुल)को नामः

जलस्रोत रहेको स्थानः

कार्यक्षेत्रः

प्रमाणपत्र जारी गर्ने अधिकारीको

दस्तखतः

नामथरः

पदः

मितिः

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल

अनुसूची-३

जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्रको लागि दरखास्त

मितिः.................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
सोलुदुधकुण्ड नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
सल्लेरी, सोलुखुम्बु ।

जलस्रोत उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमति पत्र पाउन जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८१ को दफा ११ बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु÷छौं ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. उद्देश्यः

३. सर्वेक्षण गर्ने क्षेत्रः

४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु..........

(पुष्ट्याई विवरण संलग्न गर्नु पर्नेछ)

५. सर्वेक्षण गर्ने अवधिः

६. अन्य विवरणहरू (जलस्रोत नियमावली, २०५० को नियम १२ बमोजिम) माथि उल्लेखित व्यहोरा ठीक साँचो छ . झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फ बाट दरखास्त दिनेको

नाम, थरः

सहीः

पदः

संगठित संस्था भए सो संस्थाको छापः

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश नेपाल

अनुसूची-४

जलस्रोत उपयोग पूर्वको सर्वेक्षण अनुमति पत्र

सोलुदुधकुण्ड नगरपालिका

नगर जलस्रोत समिति

सल्लेरी, सोलुखुम्बु

अनुमति पत्र संख्याः मितिः.............

श्री.............................

...........................

महाशय,

तपाइलाई जलस्रोतको उपयोग पूर्वको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली यस कार्यविधि बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ।

१. व्यक्ति वा संगठित संस्थाको पूरा नाम ठेगानाः
२. जलस्रोत सर्वेक्षण को उद्देश्यः
३. जलस्रोत सर्वेक्षणको क्षेत्रः
४. सर्वेक्षण गर्ने अवधिः
५. अनुमति पत्र बहाल रहने अवधिः

अनुमति पत्र दिने अधिकारीको:

दस्तखतः

नामः

पदः

मितिः

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु,
कोशी प्रदेश नेपाल

अनुसूची-५

(दफा १२ बमोजिम)

जलस्रोत उपयोगको अनुमति पत्रको लागि दरखास्त

मितिः.............

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
सोलुदुधकुण्ड नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु ।

जल स्रोतको उपयोगको निमित्त अनुमति पत्र पाउन मुल दर्ता तथा जलस्रोत कार्यविधि २०८१ बमोजिम देहायका विवरणहरू समेत खुलाई यो दरखास्त पेश गरेको छु/छौं ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. उद्देश्यः
३. उपयोग गर्न खोजेको जलस्रोतको उपयोग गर्ने प्रयोजनः
४. प्रस्तावित जलस्रोत उपयोग गर्ने ठाउँः
५. जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफलः
६. प्रस्तावित उपयोगबाट हुनसक्ने सम्भावित लाभः
७. प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः
८. जलस्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको स्रोतः
९. जलस्रोत उपयोग गर्ने तरिकाः
१०. जलस्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोगः
११. अन्य विवरणहरूः माथि उल्लेखित व्यहोरा ठीक साँचो हो झुट्ठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको
तर्फबाट दरखास्त दिने व्यक्तिको नाम, थरः
दस्तखतः
पदः
संगठित संस्था भए सो संस्थाको छापः

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश नेपाल

अनुसूची-६

जलस्रोतको उपयोगको अनुमति पत्र

सोलुदुधकुण्ड नगरपालिका

नगर जलस्रोत समिति

सल्लेरी, सोलुखुम्बु

मितिः................

श्री............................

....................

महाशय,

तपाइलाई जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको बिवरण खोली मुहान दर्ता तथा जलस्रोत कार्यविधि, २०८१ बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. जलस्रोत उपयोगको उद्देश्यः

३. जलस्रोतको नाम, किसिम र रहेको स्थानः

४. उपयोग गर्न पाउने जलस्रोतको परिमाणः

५. जलस्रोत उपयोगको क्षेत्रः

६. जलस्रोत उपयोग गर्ने तरिकाः

७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः

८. अनुमति पत्र वहाल रहने अवधिः

अनुमति पत्र दिने अधिकारीको

दस्तखतः

नामः

दर्जाः

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल

अनुसूची-७

जलस्रोतको उपयोगको अनुमति पत्र

सोलुदुधकुण्ड नगरपालिका

नगर जलस्रोत समिति

सल्लेरी, सोलुखुम्बु

## जलस्रोतको उपयोगको अनुमति पत्र

मितिः..................

श्री.............................

............................

महाशय,

तपाईले अनुमति पत्र पाउन मिति.....................मा दिनुभएको दरखास्त बमोजिम देहायको विवरणहरू खुलाई मुहान दर्ता तथा जलस्रोत कार्यविधि २०८१ को दफा बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ ।

१. जलस्रोत को उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. जलस्रोत उपयोग सँग सम्बन्धित परियोजना को किसिमः

(प्रत्येक उपयोग सँग सम्बन्धित)

३. जलस्रोतको नाम र रहेको स्थानः

४. जलस्रोतको उपयोग भएको परिमाणः

५. जलस्रोत उपयोगबाट उपलब्ध गराइएको सेवा र त्यसको बिस्तार क्षेत्रः ( प्रदेश............ जिल्ला.............. ...........गा.पा./न.पा. ........................

६. उपभोक्ता संख्या र त्यसको किसिमः

७. सेवा उपलब्ध गराउन शुरु गरेको मितिः

८. अनुमति पत्र बहाल रहने अवधिः

९. अन्य शर्तहरूः

अनुमति पत्र दिने अधिकारीको दस्तखतः

नामः

दर्जाः

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश नेपाल

अनुसूची-८

अनुमति पत्र दस्तुर

जलस्रोत उपयोगको लागि अनुमति दस्तुर

क) खानेपानी र घरेलु उपयोग रु. २५०।

ख) सिंचाई रु. ५००।

ग) पशुपालन तथा मत्स्य पालन जस्ता कृषि जन्य उपयोग रु. १,०००। घ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग रु. २,०००। ङ) जल यातायात रु. ५,०००।

च) आमोद प्रमोद जन्य उपयोग रु. ५,०००।

छ) अन्य उपयोग रु. ५,०००।

सोलुदुधकुण्ड नगरपालिका

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश नेपाल

## अनुसूची-९

### जलस्रोतको उपयोग वापत बुझाउनु पर्ने वार्षिक शुल्क

१. सिंचाइको हकमा

क) प्रति रोपनी रु. एक (१) का दरले

२. खानेपानीको हकमा

क) पाँच हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न प्रति व्यक्ति रु ०।५० पैसाको दरले

ख) पाँच हजार एकदेखि माथिको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. एक (१) का दरले

३. कृषि जन्य उपभोगको लागि रु.२,०००।- देखि २०,०००।- सम्म पानी प्रयोगको परिमाणको आधारमा

४. घरेलु उद्योगको लागि रु.२,०००।- देखि २०,०००।- सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

५. औद्योगिक व्यवसाय तथा खानी जन्य उपयोगको लागि रु.५,०००।- देखि ५०,०००।- सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

६. आमोद प्रमोद जन्य प्रयोगको लागि, रु.१,०००।- देखि १०,०००।-सम्म वार्षिक कारोवारको आधारमा ।

७. अन्य प्रयोगको लागि रु.५,०००।- देखि १०,०००।- सम्म वार्षिक कारोवारको आधारमा

८. म्यादभित्र संस्था दर्ता नवीकरण तथा उपयोग अनुमति नवीकरण नभएमा यस कार्यविधि बमोजिम नवीकरण गर्न पाउने म्याद समाप्त भएको पहिलो वर्षको लागि वार्षिक शुल्कको १० प्रतिशत, दोश्रो वर्षको लागि १५ प्रतिशत र सो पश्चात प्रत्येक वर्षको लागि २० प्रतिशत विलम्व शुल्क लिएर नवीकरण गर्न सकिनेछ ।

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल

आज्ञाले
टुक्ती शेर्पा
प्रमुख प्रशासकीय अधिकृत